# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति



**President**

Sushil Pyakurel

**Members**

Dr. Gauri Shankar Lal Das
Prof. Kapil Shrestha
Mandira Sharma
Kanak Mani Dixit
Subodh Pyakurel
Charan Prasai
Dr. Gopal Krishna Siwakoti
Devi Sunuwar
Hari Phuyal
Durga Sob
Dipendra Jha
Govinda Sharma 'Bandi'
Shobhakar Budhathoki
Birendra Thapaliya
Suman Adhikari

***Secretariat:***
Bhanimandal, lalitpur
Ph/Fax +977 1 5554115/5543230

*Email:*
accountabilitywatch@gmail.com


६ आश्विन २०६८

## प्रेस विज्ञप्ति

## आममुद्दा फिर्ता : अधिकार र उपचारको घोर उल्लङ्घन

माओवादी कार्यकर्ताविरूद्ध लगाइएका सबै द्वन्द्वकालीन मुद्दा फिर्ता गर्ने नेपाल सरकारको पछिल्लो निर्णयप्रति जवाफदेहिता निगरानी समिति चिन्तित भएको छ । अपराधीलाई जवाफदेहिताबाट उन्मुक्ति दिलाउने यसप्रकारको न्यायिक प्रक्रियामाथिको हस्तक्षेप न्यायपालिकाको स्वतन्त्रता र विधिको शासनका लागि गम्भीर चुनौती रहेको हाम्रो ठहर छ । द्वन्द्वकालमा भएका ज्यादतीका लागि न्यायको माग सबैतिर भइरहेको समयमा दण्डहीनताको कु-संस्कारलाई संस्थागत गर्ने यसप्रकारको गलत प्रयासको हामी भर्त्सना गर्दछौं ।

सशस्त्र द्वन्द्वको समयमा माओवादी र राज्यबाट भएका मानवअधिकार उल्लङ्घनका सबै मुद्दाहरूको अनुसन्धान गर्नु आजको आवश्यकता हो । जनताको न्याय र जवाफदेहिताप्रतिको आकाङ्क्षाहरूलाई सरकारले ठोस समर्थन गर्नुपर्ने र गम्भीर प्रकारका मानवअधिकार उल्लङ्घनकर्ताहरू विभिन्न समयमा निस्फिक्री हिँड्न सक्ने दण्डहीनताको अवस्था लोकतान्त्रिक राष्ट्रमा हुन नहुने **जवाफदेहिता निगरानी समिति** पुनः दोहोऱ्याउँछ । अस्थिरता र असुरक्षामा वृद्धि गराउने कुनै पनि उन्मुक्तिको हामी गम्भीर भर्त्सना गर्दछौं र साथै यसै सन्दर्भमा आपराधिक मुद्दा फिर्ता लिने महान्यायधिवक्ताको मनसायको निन्दा गर्दछौं । सरकारको प्रमुख कानुनी सल्लाहकारको संवैधानिक भूमिकामा रहेका महान्यायधिवक्ताले सरकारी निर्णयको विरोध गर्नुपर्दछ र यस्ता निणर्यको कार्यान्वयन गर्न अस्वीकार गर्नुपर्दछ । माओवादीविरूद्धका सबै मुद्दा फिर्ता लिने महान्यायधिवक्ताको घोषणालाई हामीले दण्डहीनता तथा न्यायको पर्खाइमा रहेका पीडितहरूको अधिकारप्रतिको घोर अपहेलनातर्फको एक कदमका रूपमा लिएका छौं ।

नेपाल अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र रहेको स्मरण गराउँदै यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले मानवअधिकार उल्लङ्घनका पीडितका लागि प्रभावकारी उपचारको व्यवस्था गर्नुपर्ने (धारा २ र ३) मा उल्लेख छ । बलात्कार, यातना, हत्या र बलपूर्वक बेपत्ता पारिएका घटना सम्बन्धका मुद्दा फिर्ताले निश्चित रूपमा यस अन्तर्राष्ट्रिय दायित्वको र नेपालद्वारा विश्वव्यापी आवधिक समीक्षाका क्रममा प्रकट गरिएका प्रतिबद्धताको गम्भीर उल्लङ्घन हुन जान्छ । वर्तमान सरकारले आफू ‘संवैधानिक सर्वोच्चता, विधिको शासन, सुशासन र मानवअधिकार स्थापित गराउन पूर्ण रूपमा प्रतिवद्ध रहनुका साथै असुरक्षा कम गराउन र दण्डहीनताको अवस्था हटाउँदै शान्ति प्रक्रियालाई सकारात्मक टुङ्गोमा पुऱ्याउन प्रतिवद्ध’ रहेको बताएको थियो ।

द्वन्द्वकालका सबै मुद्दाहरू भित्री तवरले ‘राजीतिक उद्देश्य’ बाट प्रेरित रहेको र द्वन्द्वकालीन मुद्दाहरू विस्तृत शान्ति सम्झौताको मर्म विपरीत हुने हुनाले तिनलाई फिर्ता लिइनुपर्ने महान्यायधिवक्ताको भनाइ रहेको छ । यो धारणाले विस्तृत शान्ति सम्झौताको दुवै पक्षले दण्डहीनतालाई प्रश्रय नदिने र पीडितका अधिकारको सुरक्षा गर्ने (बुँदा ७.१.३) लाई उपेक्षा गरेको छ ।

न्याय, जवाफदेहिता र पीडितको उपचारको अधिकारका विषयहरू विस्तृत शान्ति सम्झौताका मुख्य बुँदा थिए र शान्ति प्रक्रियालाई सहयोग गर्ने लोकतान्त्रिक पद्धतिको मुख्य आधार मानिएको थियो । आपराधिक मुद्दा फिर्ता लिनु भनेको गम्भीर मानवअधिकार उल्लङ्घनलगायतका द्वन्द्वकालीन अपराधमा उन्मुक्ति दिलाउनु हो । यस्ता कदमले जनतालाई उनीहरूको उपचार र न्यायका जायज आकाङ्क्षाहरू मर्दन गराएर शान्ति प्रक्रियामा सहभागी हुनबाट विमुख गर्दछन् ।

नेपालमा मुद्दा फिर्ता लिने कार्य नौलो होइन । एकीकृत माओवादीको नेतृत्वको सरकारले २०६५ नै यो कदम शुरू गऱ्यो र सर्वोच्च अदालतले अब अन्य मुद्दा फिर्ता नलिन २०६५ मा अन्तरिम

आदेश दिएपछि पनि कायमै यो प्रचलन कायम रहेको छ । सबै मुद्दा फिर्ताको पछिल्लो निर्णयले मानवअधिकार र न्यायको प्रत्याभूतिमा भयावह प्रभाव पार्नेछ, सर्वसाधारणको सरकारप्रतिको विश्वास हट्नेछ र न्यायिक प्रक्रियालाई प्रभावित पार्नेछ । यस्ता मुद्दा फिर्ता भएको खण्डमा विधिको शासनको लागि ठूलो धक्का हुनेछ र थप मुद्दा फिर्ताको बाटो खुल्ने र न्यायबाट वञ्चित हुने स्थिति पैदा भई पूर्ण कानुनविहीनताको परिस्थिति सिर्जना हुनेछ । यस्ता कदमले विधिको शासनमा थप हस्तक्षेप निम्त्याउनेछ, यस्ता मुद्दामा कार्यरत प्रहरी अधिकारी, कानुन व्यवसायी र न्यायाधीशको मनोबल खस्काउनेछ, अभियुक्तलाई कानुनी कारबाहीबाट उन्मुक्ति दिँदा सार्वजनिक असुरक्षामा वृद्धि हुनेछ जसले गर्दा सरकार र सुरक्षा निकायप्रति जनताको विश्वास अझै कम हुनेछ ।

नेपालको लम्बिँदै गएको द्वन्द्वोत्तर सङ्क्रमणकालमा पदमा बहाल सबैले पुछताछबाट उन्मुक्ति पाएका छन् र कानुनभन्दा माथि रहेको कार्य गरिरहेका छन् । शान्ति सम्झौताका सङ्क्रमणकालसम्बन्धी प्रतिबद्धताहरू हालसम्म पालना नहुनुले नेपालबाट व्यक्त दण्डहीनताको स्थिति अन्त्य गर्ने मनसाय र पदमा रहेका राजनीतिकर्मी, सुरक्षा निकायका व्यक्तिहरू र एकीकृत माओवादीका कार्यकर्तालाई जवाफदेही बनाउने कार्यमा रहेको हिचकिचाहट स्पष्ट रूपमा देखाउँछ । खुल्ला हिड्न सक्षम हुने अभियुक्तहरू उत्पादन गर्ने उद्योगका रूपमा नेपाली राजनीति परिणत हुनु दुःखद कुरा हो । व्यक्तिलाई खुशी तुल्याउने र सम्झौताको राजनीतिले दण्डहीनतामा वृद्धि र जवाफदेहिता कम गराएको छ ।

हजारौको संख्यामा भएको मृत्यु र हजार जना भन्दा बढी बेपत्ता, शारीरिक वा मानसिक रूपमा घाइते, अङ्गभङ्ग र विस्थापित भएको अवस्थामा राज्यले ती ज्यादती स्वीकार गर्दै इमान्दारीपूर्वक पीडितका पीडा कम गर्ने र पीडकविरूद्ध कानुनी कारवाही गर्ने समय आइसकेको छ । यदि गम्भीर अपराध तथा ज्यादतिहरू वेवास्ता गरिएमा वा पीडितहरूलाई बिर्सिएमा कुनै पनि प्रक्रियाले दीगो शान्ति ल्याउन सक्दैन ।

अन्तर्राष्ट्रिय कानुन विशेषतः युद्ध अपराध, नरसंहार, मानवताविरोधी अपराध जस्ता चरणवद्धरूपमा गरिने अपराध र मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई आममाफी दिने कुराको विरूद्ध छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत रहेर अपराधीलाई न्यायको परिधिमा ल्याउनु राज्यको दायित्व हो तथापि मुद्दा फिर्ताको प्रक्रियाले प्रभावकारी उपचारको अधिकारलाई चुनौती दिँदै यस दायित्वको उपेक्षा गरेको छ । यदि दण्डहीनताको यस्तो घृणित प्रक्रिया जारी रहेमा जनमानसमा भय र असुरक्षाको भावनामा वृद्धि हुनेछ र विगतको अपराधका प्रत्यक्ष भुक्तभोगीहरूको मानसिक पीडा अझै बढ्नेछ ।

द्वन्द्वकालका गम्भीर मानवअधिकार ज्यादतीका घटनाहरूलाई राजनीतिक आवरण दिन सरकारी प्रयास भइरहेको अवस्थामा हामी राजनीतिक नेताहरू, अन्तर्राष्ट्रिय समुदाय, द्वन्द्व पीडित र जनसाधारणलाई द्वन्द्वपीडितको न्यायको अधिकारको रक्षाका लागि अतिरिक्त रूपमा चनाखो हुन आह्वान गर्दछौं । यस सन्दर्भमा प्रमुख राजनीतिक दलहरूबाट संसदमा प्रकट धारणाको स्वागत गर्दै सरकारलाई निम्न कार्यका लागि आह्वान गर्दछौं :

१. न्याय प्रणालीमा जनसाधारणको विश्वास कायम राख्नका लागि मुद्दा फिर्ता गर्ने कार्यहरू रोक्न ।
२. अदालतका फैसलाको सम्मान गर्न र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धानको शुरूवात गर्न र अपराधीलाई दण्ड र पीडितलाई न्यायको प्रत्याभुति दिलाउन ।
३. अन्तर्राष्ट्रिय मानवअधिकार कानुनविरूद्ध गरिएका कार्यले देशमा सङ्क्रमणकालीन न्याय र पूर्व अपराधहरूको लागि जवाफदेहिताका सम्बन्धमा गलत छाप जाने भएकाले नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताविरूद्ध जाने गरी कुनै पनि आपराधिक मुद्दामा माफीको माग गर्नबाट रोक लगाउन ।
४. अन्तर्राष्ट्रिय मापदण्ड र राम्रा अभ्यास अनुरूप प्रभावकारी रूपमा पीडितको सत्य जान्ने, न्याय र हानीपूरणको अधिकारप्रति कदम चाल्न सत्य तथा निरूपण आयोग र बेपत्ताको अनुसन्धानसम्बन्धी आयोग यथाशीघ्र गठन गर्न ।

सुशील प्याकुरेल